बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं.- २०८०/०८१
च.नं.- क.प्र.१५०५

मिति: २०८०/०८/१३

श्री स्थानीय तह सबै,
बागमती प्रदेश।

विषय:- स्थानीय तहमा पदपूर्तिका लागि माग आकृति सम्बन्धमा।

प्रस्तुत विषयमा प्रदेश लोकसेवा आयोग हेटौंडाको च.नं. ९७, मिति २०८०।८।६ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै छ।

सो सम्बन्धमा स्थानीय तहको पदपूर्तिका लागि स्थानीय तहहरूले संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी प्रदेश किताबखानामा पद दर्ता गरी पठाउनुपर्ने कानूनी व्यवस्था रहेकोमा प्रदेश किताबखानामा हाल प्रदेशको मात्र पद दर्ता सम्बन्धी पोर्टल प्राप्त भई कार्य प्रारम्भ भएको तथा स्थानीय तहको पद दर्ता सम्बन्धी पोर्टल प्राप्त भई नसकेको कारण स्थानीय तहको पद दर्ता गर्ने कार्य गर्नको लागि केही समय लाग्ने देखिएकोले चालू आ.व.को प्रदेश लोकसेवा आयोगको पदपूर्तिको संशोधित कार्यतालिका बमोजिम पदपूर्तिका लागि साबिकमा नेपाल सरकारबाट स्वीकृत पद तथा दरबन्दी बमोजिमको रिक्त रहेको पदमा माग आकृति फाराम भरी प्रदेश लोकसेवा आयोगमा पठाई यस कार्यालयमा समेत जानकारी दिनु हुन यस कार्यालयको मिति २०८०।८।११ को निर्णय (माननीय मुख्यमन्त्रीस्तर) अनुसार अनुरोध छ।

२०८०।८।१३

(विनोद पौडेल)
अधिकृत आठौं

बोधार्थ:
श्री प्रदेश लोकसेवा आयोग, हेटौंडा।
श्री सूचना तथा सञ्चार समन्वय शाखा, वेबसाइटमा अपलोड गर्नुहुन।

फोन नं.०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइट:www.ocmcm.bagamati.gov.np ईमेल:ocmcm.bagamati@gmail.com